# आभासका दुई कविता

## दृष्टि

मैले टोपी  फेरेँ
र फेरेँ मथिँगलका अनेकौं कचिँगलहरू
सम्यक् भएर यात्रामा निस्केँ

सोचेँ–
मेरा पुराना मांसकोष मरिसके/मरिरहेछन्

म विलकुल
वर्तमान झैँ छर्लङ्ग छु
ताजा छु

दोबाटोमा
पुरानो मित्र भेटेँ
उसको पहिलो वाक्य–
"अरे यार तँ त जस्ताकोतस्तै छस्"

०५६ साउन १६
काठमाण्डौं

## एकान्तमा

एकान्तमा
पनीको तप् तप् बज्छ
र गुनगुनाउन थाल्छ
पिपलको पात

एकान्तमा
शीत झर्छ
र फक्रन थाल्छ
सयपत्री फूल

एकान्तमा
ककुर भुक्छ
र थुमथुम्याउन थाल्छे दमयन्ती
चलमलाउदै गरेको नवजात शिशु

एकान्तमा
कविता जन्मन्छ
र अंकीत गर्छ
यी सबै दृश्यलाई आफूमा

एकान्तमा
गोली चल्छ
र हुन्छ हत्या कविताको ।

०५६ असोज १६
काठमाण्डौं